शारदा शर्मा । २०७४ । *त्यो समय* । काठमाडौँ : सांग्रिला बुक्स ।

वि.सं. २०७४ को आम चुनावपछि गठित पहिलो मन्त्रिपरिषद्का सदस्यहरूले सार्वजनिक गरेको सम्पत्ति विवरणमा ठूलो हिस्सा श्रीमतीको नाममा रहेको सुनले ओगटेको कुराले निकै चर्चा पायो । सशक्तीकरण त महिलाको होइन, पुरुष नेताहरूको पो हुनुपर्छ भनेर सामाजिक सञ्जालमा खुबै खिल्ली उडाइयो पनि । देशमा नेताका श्रीमतीहरू श्रीमान्को धन लुकाउने भण्डारका रूपमा चित्रण भइरहेका बेला आम्दानीको नियमित स्रोत नभएको लामो समयदेखि बेरोजगार लोग्नेलाई निर्धक्कसँग राजनीति गर्न दिएर सम्पूर्ण पारिवारिक अभिभारा आफ्नो काँधमा लिन सक्ने कर्मयोगी महिला हाम्रो समाजमा कति होलान् ? तीमध्ये कति फटट कम्प्युटर चलाउन नजानेकाले जागिर छाड्ने मनस्थितिमा पुगेका होलान् ? कतिले बिहेपछि थर परिवर्तन नगर्नाले आफूलाई कसैकी श्रीमती प्रमाणित गर्न भौतारिँदै हिँडेका होलान् ? कतिले पतिका लागि चुरोटको धुँवादेखि आफ्नो स्वभावसित सम्झौता गरेका होलान् ? यी कुरा देख्दा साना लाग्छन्, तर यिनले हाम्रो समाजमा अझै पनि महिलाले गर्नुपर्ने संघर्षका आयाम प्रस्ट्याउँछन्, उनीहरूको हैसियत देखाउँछन् । समाज यी कुराहरूभन्दा माथि नउठेसम्म साहित्यलाई समाजको यही ऐनाले पछयाउन छोड्दैन । २०७४ सालको अन्ततिर सार्वजनिक भएको शारदा शर्माको संस्मरण *त्यो समय* यसकै उदाहरण हो ।

आवरण पृष्ठमा घुर्मैलो रङमा छापिएको लेखकको गम्भीर मुहारले उनलाई विगतमा डुबिरहे झैँ देखाउँछ । यसले नै अलिकति कथा उद्घाटन गरे जस्तो लाग्छ । यो पुस्तक सार्वजनिक भए लगत्तै यसमा उठाइएका (विशेष गरी गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईसँग सम्बन्धित) यौन दुराचारका प्रसंगले सामाजिक सञ्जाल एकाएक तरंगित भयो । त्यसै सन्दर्भलाई लिएर लेखक आफैले एउटा अनलाइन पत्रिकामा स्पष्टोक्ति नै दिइन् (बाह्रखरी २०७५) । किताब भित्रको यो एउटा अंशले बजारमा बढी चर्चा पाउँदा एउटी प्रतिष्ठित लेखकको संस्मरणको सांगोपांग विवेचना हुन पाएन ।

*त्यो समय* एउटी महिलाले नेताकी श्रीमती भएर भोगेको जीवनको एउटा संघर्षपूर्ण काल खण्डको वर्णन हो । एउटा त्यस्तो कालखण्ड, जुन देशमा घटेका घटना विशेषले गर्दा लेखकको जीवनमा पनि अविस्मरणीय बन्न पुग्यो । उनको "त्यो समय" सन् २००४ को सेप्टेम्बरमा शुरू भएर २००८ को सेप्टेम्बरमा सकिन्छ । त्यो उनले अन्तर्राष्ट्रिय परिवार नियोजन संघ (आईपीपीएफ) को दक्षिण एशिया क्षेत्रीय कार्यालय, दिल्लीमा रहेर काम गर्दाको अवधि हो । लेखकले ११ अध्यायमा बाँडे पनि यो पुस्तकलाई मुख्य-मुख्य घटनाका आधारमा दुई खण्डमा विभाजन गरेर हेर्न सकिन्छ । पहिलो, लेखकका श्रीमान् नेपाली काँग्रेसका नेता नरहरि आचार्यको २०६१ साल माघमा भएको गिरफ्तारी, र दोस्रो,

२०६४ मा सम्पन्न संविधानसभाको पहिलो निर्वाचन । जागिरका सिलसिलामा लेखकले प्रवासमा बाँचेको एक्लो जीवन, दिल्ली लगायत विभिन्न ठाउँ घुम्दा उनले देखेभोगेको समय र परिवेशको चित्रण यो किताबका मसला हुन् ।

किताब सार्वजनिक भएपछि सबैभन्दा बढी चर्चा पाएको पूर्व प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइराला बारेको प्रसंगमा कुनै एक भेटमा कोइरालाले त्यहाँ उपस्थित अरू सबैलाई बाहिर पठाएर लेखकको हात समाएर पिठ्यूँ थपथपाएको उल्लेख छ । कोइरालाको त्यो व्यवहारबाट आफूलाई "बडो अप्ठ्यारो" लागेको तर प्रतिवाद गर्न नसकेको शर्माले बताएकी छन् (पृ. १९८) । त्यस्तै व्यवहार सोही पार्टीका अर्का शीर्ष नेता स्व. कृष्णप्रसाद भट्टराईले पनि देखाएको पुस्तकमा उल्लेख छ । यो प्रसंगबारे मिडिया र सामाजिक सञ्जालमा धेरैले लेखकले तत्कालै वा उनीहरू जीवित रहँदै प्रतिवाद किन गरिनन् भन्ने प्रश्न उठाएका छन् । तर, मुख्य प्रश्न त यो भन्दा पनि उक्त प्रसंगलाई लेखकले कसरी प्रस्तुत गरेकी छन् भन्ने हुनुपर्थ्यो । प्रस्ट रूपमा दूर्व्यवहार भएको जान्दाजान्दै पनि खुलेर मलाई यौन दूर्व्यवहार नै भएको थियो भनेर भन्न नसक्नु बरु मानिसको अपूर्णताको तर्क दिएर लेखकले उनीहरूको नै ढाकछोप गर्न खोजे जस्तो आभास पाठकलाई हुन्छ । यसबाट "ठूला मान्छे" का विरुद्ध लेख्दा महिलाले अझै पनि तौलिएर शब्दहरू प्रयोग गर्नुपर्ने अवस्था रहेको दृष्टान्त दिन्छ । त्यति मात्र होइन, गिरिजाप्रसादको आफूप्रतिको व्यवहार नराम्रो लाग्दालाग्दै पनि लेखक पटक-पटक उनैलाई भेट्न गइरहनु, गिरिजाप्रसादले "तपाईलाई के चाहिन्छ ?" भनेर सोध्दा आफ्ना श्रीमान्का लागि राजनीतिक संरक्षणको अनुरोध गर्नु (पृ. १५६), आदिले पुरुषको राजनीतिमा महिलाको कस्तो खाले भूमिका हुने हो भन्ने प्रश्न जन्माउँछ ।

लैंगिक समानताको अवधारणा भर्खर-भर्खर मात्र विकसित हुँदै गरेको हाम्रो जस्तो देशमा लगभग हरेकजसो महिलासँग विभिन्न समय र कालखण्डका एक से एक कथा छन् । तर, ती बाहिर आउँदैनन्, किनकि हाम्रो समाज महिलाका संघर्षहरूलाई साहित्यको कोटीमा राख्न अझै हिच्किचाउँछ । किटानी सहित बाहिर आएका यौन दूर्व्यवहारका घटनामा समेत लेखकलाई नै पागलको संज्ञा दिइएका दृष्टान्त हामीसामु छन् (रिसाल २०७३) । यस्तोमा सशक्त रूपमा नभए पनि इतिहासले महान् ठानेका पात्रहरूको "बडो अप्ठ्यारो" पाटो कम्तीमा बाहिर मात्र आउनुले पनि महिलाको मुख थुन्न अब सकिँदैन भन्ने प्रमाणित गर्छ । साथै, उस्तै परिस्थिति भोगेका अरू धेरैलाई पनि मुख खोल्न यसले हौस्याएको छ ।

तत्कालीन राजा ज्ञानेन्द्रको माघ १९, २०६१ को कदम पश्चात् लेखकका श्रीमान् बन्दी बनाइएका थिए । आफ्ना श्रीमान्को खोजी गर्दाका अप्ठ्यारा र त्यस बेला आफ्नो द्वन्द्वग्रस्त मनोदशाको संवेदनशील वर्णन पनि पुस्तकमा पाइन्छ । यसमा जेठ १९, २०५८ को दरबार हत्याकाण्डको शोकदेखि २०६४ मा भएको पहिलो संविधानसभा चुनावमा लेखकले श्रीमान्का लागि भोट माग्न हिँड्दाका तीतामीठा अनुभवहरू र उनले जित्दाको

उमंग सम्मका कुरा अटाएका छन् । जनताका दृष्टिमा सामान्य लाग्ने नेता प्रतिका आकांक्षाहरू नेताको ठाउँमा बसेर हेर्दा चाहिँ कसरी अनुचित लाग्छन् भन्ने कुरा पनि बडो चोटिलो पारामा उनले लेखेकी छन् । किताबमा आइएनजीओहरूले ऐसआरामका लागि गर्ने मनपरी खर्च र त्यहाँभित्र हुने शक्ति संघर्षका प्रसंग पनि लेखकले धक नमानी बाहिर ल्याएकी छन् । कतै गम्भीर जीवन दर्शन छन् त कतै आफ्नो भाइको प्रसंग जोडेर पुरुष पनि हिंसाका शिकार हुन सक्ने जिकिर छ ।

आफ्ना बारेका सकारात्मक कुरा अरूलाई सुनाउन सबैलाई मन लाग्छ, तर कसका कुरा कुन हदसम्म सुन्न वा सुनाउन लायक हुन्छन् वा कसले आफ्ना कुरा कसरी सुनाउँछ भन्ने चाहिँ बढी अर्थपूर्ण हुन्छन् । केही अध्याय बाहेक *त्यो समय* पट्यारलाग्दो छ । अनावश्यक प्रसंग र उपशीर्षकहरू राखिएका मात्र छैनन् अनावश्यक रूपमा तन्काइएको पनि छ । "अनिरुद्ध गौतम दिल्लीमा," "गणेशजीको शुभकामना," "नोभेम्बरको दिल्ली" लगायतका उपशीर्षक संस्मरणमा राखिनु पर्ने गरी खास महत्त्वका लाग्दैनन् । त्यहाँ भित्रका विषयवस्तु र शीर्षकमा पनि सामञ्जस्य छैन । जस्तै, पृष्ठ २०८ मा "बाबाको पश्चिम नेपाल गणतन्त्र यात्रा" भन्ने उपशीर्षकमा गणतन्त्र यात्राको बारेमा दुई लाइनभन्दा बढी शब्द खर्च गरिएको छैन । "पुरन्जन दिल्लीमा" (पृ. २५५) मा पुरन्जनको प्रसंग अन्तिमका दुई अनुच्छेदमा मात्र सिमीत छ । शीर्षक राखेपछि त्यस भित्रको विषयवस्तुले त्यसलाई न्याय गर्नुपर्छ भन्ने कुरा लेखकले भुले जस्तो लाग्छ । धेरै ठाउँमा "एक्लोपनबाट जोगिन" लेखिएको डायरीलाई काँटछाँट नगरिकन जस्ताको तस्तै टाइप मात्र गरिएको भान हुन्छ । नेपाली साहित्यमा पछिल्लो समय आत्मकथा कम आत्मश्लाघा ज्यादा लाग्ने साहित्यिक रचनाहरूको विश्वसनीयताबारे प्रश्न उठिरहँदा *त्यो समय*ले पनि संस्मरण के हो र कस्तो संस्मरण राम्रो भन्नेबारे बहसको आवश्यकतालाई अझ महसुस गराएको छ ।

लेखकको जागिरबाट शुरू भएर जागिरसँगै सकिने किताबमा कामको सिलसिलामा आएका पात्रहरूको वर्णन हुनु स्वाभाविकै हो । तर, उनीहरू बारेका स-साना टुक्रे प्रसंगका कारण कतिपय पात्र राम्रोसँग स्थापित हुन सकेका छैनन् । मितिमा एकरूपता छैन, सिलसिला बिथोलिएको छ । पृष्ठ ४२ मा "डेरामा भात पकाउँदिनथेँ" भन्ने लेखकले पृष्ठ ५५ मा गएर बल्ल डेरा भेटेकी छन् । पृष्ठ २५२ मा छोरी अनामिकाको प्रसंगबाट लेखक एकैचोटि महिनावारीको प्रसंगमा हामफालेकी छन् । यस्तो लेखाइले गर्दा पढ्दै जाँदा कतै पाना पो तलमाथि भयो कि ! भनेर पाना आल्टाइपल्टाइ हेर्नुपर्ने अवस्थामा समेत पुऱ्याउँछ । भाषा र व्याकरणको प्रयोगमा पनि लापर्वाही गरिएको महसुस हुन्छ । एउटै अनुच्छेदमा, एउटै घटनाको वर्णन गर्नका लागि कतै भूतकाल त कतै वर्तमान कालको प्रयोग गरिएको छ (पृ. १८१) । यसले गर्दा पठनको स्वादै खल्बलिन्छ । कति ठाउँमा त पाठकलाई उपन्यासको स्वाद दिन खोज्दा लेखक संस्मरणको स्वाद दिनै चुकेकी छन् ।

लेखकले "यो पुस्तकको मुख्य पात्र मै हुँ । यहाँका अक्षर अक्षरमा म छु," भने पनि किताब नरहरि आचार्यको वरिपरि यसरी घुमेको छ कि कतिपय ठाउँमा त आचार्यले लेखकलाई नै छायाँमा पारे जस्तो भान पर्छ । "यही मान्छेसँग तीस वर्षसँगै बस्दा मलाई कति गाह्रो भयो होला" (पृ. २९१) देखि समावेशी "नीति" का कारण छोरीले जागिर नपाएको (पृ. ३१५) उदाहरण आदिबाट नरहरि आचार्यका लागि कतै सान्त्वना बटुल्न त कतै उनलाई आदर्श पात्रको रूपमा स्थापित गर्न खोजिएको छ । त्यस्तै, गिरिजाप्रसाद बारेको लेखकको धारणा पनि स्पष्ट रूपमा आउन सकेको देखिँदैन । "... मुलुकलाई नयाँ दिशा दिनुपर्ने ठाउँमा बसेको मान्छेसँग त अदम्य आँट, उर्जा र साहस हुनुपर्ने थिएन र?" (पृ. २३९) भन्ने लेखकले केही पछि "... यो वृद्ध मान्छे आँट, सक्रियता र उर्जाका कारण सधैँ मेरो आदरणीय रह्यो" (पृ. २८५) भनेबाट गिरिजाप्रसादलाई हेर्ने उनको दृष्टिकोणमा एकरूपता नभएको प्रस्ट्याउँछ । त्यस्तै, छोरी अनामिकाको बिहेको प्रसंगमा लेखक एक ठाउँ (पृ. २५०) मा भन्छिन्, "म चाहन्थेँ, अनामिका कुनै राम्रो जिम्मेवारी शुरू गरिसकेको परिपक्व मान्छेसँग बिहे गरोस् ... म मेरी छोरी बीए पढेको मान्छेलाई दिने होइन ।" प्रश्न उब्जन्छ,के बिहे गर्न केटीले भन्दा केटाले बढी पढेको हुनैपर्छ ? जिम्मेवारी पनि केटाले नै शुरू गर्नुपर्छ भन्ने छ र ? लेखक आफै परिवारको सारा जिम्मेवारी उठाएर बसेकी मान्छे भएर पनि "छोरीलाई पाल्न ज्वाइँ सक्षम हुनैपर्छ" भने जसरी आएको अभिव्यक्तिले जतिसुकै पढेलेखेका र महिलाको सक्षमताबारे वकालत गर्ने मान्छे भए पनि हाम्रो समाजमा अझै पनि बिहेको मामलामा केटीलाई पालिने पक्षकै रूपमा हेरिने गरेको तीतो सत्य उद्घाटित भएको छ ।

किताबको समग्र लेखन शैली वर्णनात्मक र कूटनीतिक छ । आफूले केही प्रत्यक्ष भन्न चाहेका तर भन्न नसकेका मानिसलाई स्पष्टीकरण दिए जसरी वा नरिसाओस् भने जसरी तौलिएर अभिव्यक्ति आएका छन् । पद तथा ओहोदामा भएका मान्छे, सहयोग गरेका आफन्तजन र साथीभाइ सबैको नाम उल्लेख गरेर किताबलाई धन्यवाद ज्ञापन गर्ने थलोजस्तो बनाइएको भान हुन्छ । घटनाहरूको वर्णन मात्र गरिनु तर त्यस प्रतिको आफ्नो दृष्टिकोण नराखिनुले पनि लेखकले पाठकलाई आफ्नो अनुभूतिको बाटोमा डोऱ्याउन नसकेको आभास हुन्छ ।

यीभन्दा पनि महत्त्वपूर्ण कुरा चाहिँ ३५१ पृष्ठको यो संस्मरणले पाठकलाई के छोडेर जान्छ भन्ने हो, र वास्तवमै भन्नुपर्दा यो किताबले "दिने" कुराहरू पुस्तकको मोटाइ र लेखकको व्यक्तिगत ओजको तुलनामा निकै कम मात्र छन् । नेपाली बृहत् शब्दकोशले संस्मरणलाई बारम्बार सम्झनामा आउने बितेका दिनको कुरो भनेर परिभाषित गरेको छ । संस्मरण लेखिनका लागि घटनाहरूको स्मरण रहनुपर्छ । सामान्यतया, हामीलाई त्यस्ता घटनाहरूको मात्रै स्मरण हुन्छ जो हाम्रा लागि विभिन्न कारणले विशेष छन्, अनौठा

छन्, रोचक वा मार्मिक छन् । जतिखेर हामीलाई यी घटनाहरू अरूका लागि पनि उत्तिकै रोचक वा प्रेरणादायी हुन सक्छन् भन्ने लाग्छ, त्यतिखेर नै संस्मरण जन्मने हो । यस अर्थमा भन्नुपर्दा संस्मरण कुनै पनि व्यक्तिको व्यक्तिगत जिन्दगीका सम्झनाका स-साना पोका हुन्, जसलाई लेखकले सिलसिलाबद्ध रूपमा फुकाएर कथामा उनेको हुन्छ । त्यसैले, संस्मरणमा चाहिने दुई मुख्य कुरा भनेका सम्झनाका पोका र तिनलाई उन्न सक्ने सीप हो । यस किताबमा पाठकलाई यी दुवै कुरा खड्कन्छन् । यो किताब धेरै हदसम्म लेखकको डायरीको परिमार्जित रूप हो ।

यसको मतलब संस्मरणमा डायरीमा लेखिएका कुरा आउनै नहुने भन्ने होइन । तर, डायरी भनेको आफ्नो लागि लेखिने कुरा हो । डायरीमा जे लेख्दा पनि हुन्छ । भगवानसित गुनासो गर्दा पनि हुन्छ, मन नपरेका मान्छेलाई नानाभाँती गाली गर्दा पनि हुन्छ । तर, जब व्यक्तिगत गोपनीयताको परिधि नाघेर आफ्ना घटनाहरूलाई सार्वजनिक गरिन्छ, त्यस बेला विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । संस्मरण लेखनमा आफ्ना अनुभवहरू ताजा गराउनको लागि घटनाहरूको समय, मिति र परिवेश याद गर्नका लागि डायरीको प्रयोग गर्नु राम्रै हुन्छ, तर डायरीका पानाहरूलाई जस्ताको तस्तै उतारेर संस्मरण भनिदिँदा पाठकप्रति अन्याय हुन जान्छ । डायरी र संस्मरणको भिन्नता यीभित्र समेटिने विषयवस्तु वा शैलीले मात्र होइन, यसलाई कसले लेख्छ भन्नेले पनि हो । अघिसम्म डायरी लेखिरहेको एउटा सामान्य मानिस संस्मरण लेख्न थाल्ने बित्तिकै लेखक बन्छ । लेखकका केही दायित्व हुन्छन् । तीमध्ये एउटा पाठकलाई सकेसम्म गुणस्तरीय, काम लाग्ने वा कम्तीमा पनि रमाइलो लाग्ने चीजहरू पस्कने हो । एउटा निजी डायरीमा लेखिएका सबै कुरा अर्थ दिने वा सबै मानिसलाई चाख लाग्ने भन्ने हुँदैन । किनकि, सबै डायरी लेखक आन फ्र्यांक हुँदैनन् । यो कुरा संस्मरण लेख्न चाहने सबैले बुझ्न जरुरी छ ।

समग्रमा भन्नुपर्दा *त्यो समय* एउटा राजनीतिज्ञकी श्रीमतीको रूपमा एउटी महिलाले बाँचेका कहालीलाग्दा परिस्थितिहरूको बयान हो । लोग्नेको अस्तित्व निर्माण गर्ने क्रममा आफ्नै अस्तित्व बिर्सन पुगेकी र आफ्ना रहरहरूसँग सम्झौता गर्न बाध्य एक स्थापित लेखकको बयान पनि हो यो । यिनै बयानका बीचमा एउटी अन्तर्मुखी, अर्कामा निर्भर रहन मन पराउने महिलालाई कसरी जागिरले आफैलाई भेटाउन र आफ्ना सामर्थ्य र सीमा पत्ता लगाउन सघायो भन्ने कथा यो संस्मरणले बोलेको छ । तर, यसलाई काँटछाँट गर्न-गराउनमा लेखकको साधना र प्रकाशकको आँट दुवै नपुगेको भने साँचो हो । आउने संस्करणमा कडाइका साथ सम्पादनमा ध्यान दिन सके पुस्तक अहिलेको भन्दा खँदिलो बनेर निस्कन सक्ने सम्भावना भने अझै छ ।

## सन्दर्भ सामग्री

बाह्रखरी । २०७५ । लेखनभन्दा ठूलो एक्टिभिजम् अरू हुन्छ र ? (शारदा शर्मासँगको अन्तर्वार्ता) । *बाह्रखरी न्यूज फ्रम नेपाल* । वैशाख २६ । http://baahrakhari.com/news-details/54910/ 2018-05-09#.WvL8IQLjy मा उपलब्ध; असार १२, २०७५ मा हेरिएको ।

रिसाल, शिक्षा । २०७३ । रसिला रचना । *नागरिक*, साउन २२ । https://nagariknews.nagariknetwork.com/news/3214/ मा उपलब्ध; असार १२, २०७५ मा हेरिएको ।

**दुर्गा कार्की**
काठमाडौँ